# बैतेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बैतेश्वर, दोलखा

# राजश्व सुधार कार्ययोजना

अन्तिम प्रतिवेदन



२०७८

# विषय सूची


विषय सूची ....................................................................................................१

तालिका सूची ..................................................................................................४

**परिच्छेद एक : परिचय** ......................................................................................५

१.१ पृष्ठभूमि ......................................................................................................५

१.२ राजश्व सुधार योजनाको औचित्य ......................................................................६

१.३ योजनाले राखेका उद्देश्यहरु ...........................................................................७

१.४ योजना तर्जुमा विधि र प्रक्रिया ........................................................................७

**१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन** .............................................................८

**१.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास** ...............................................८

**१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम** ...................................................८

**१.४.४ तथ्यांक/सूचना संकलन** ..............................................................................९

**१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी** ..........................................९

**१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश** .................................................९

**१.४.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना** ............................................................१०

**१.४.८ प्रतिवेदनको अन्तिम रुप** ............................................................................१०

१.५ योजनाका सीमाहरु ........................................................................................१०

**परिच्छेद – दुई : गाउँपालिकाको संक्षिप्त परिचय** ........................................................१२

२.१ गाउँपालिकाको संक्षिप्त परिचय .........................................................................१२

**२.१.१ अवस्थितिः** ..............................................................................................१२

**२.१.२ गाउँपालिकाको गठनः** ...............................................................................१२

**२.१.३ गाउँपालिकाको नामाकरणः** ...........................................................................१४

**२.१.४ सामाजिक तथा आर्थिक अवस्थाः** ...................................................................१४

२.२ गाउँपालिकाको मानव संसाधनको अवस्था ............................................................१६

२.३ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था ..........................................................१७

**परिच्छेद तीन : स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाब्यता** ..............................१८

३.१ राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था ......................................१८

३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........................................... २३
३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण........................................ २६
**३.३.१ स्थानीय कर राजस्व**................................................................................ २६
**३.३.२ गैर कर राजश्व** ..................................................................................... ३०
**परिच्छेद चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था**....................................... ३७
४.१ राजश्व परिचालन सम्बन्धी नीति ........................................................................ ३७
४.२ आय संकलनको संस्थागत क्षमता......................................................................... ४१
४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन................................................................. ४२
४.४ राजश्व परिचालनमा रहेका सवालहरू...................................................................... ४३
**परिच्छेद पाँच : राजश्व सुधार कार्ययोजना**.................................................................. ४६
५.१ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना ............................................................... ४६
**५.१.१ प्रभावकारी राजश्व संकलनका रणनीति तथा कार्यनीति**............................................. ४६
**५.१.२ राजश्व सुधार कार्ययोजना** ..................................................................... ५०
**परिच्छेद छ : आगामी तीन बर्षको आय प्रक्षेपण** ............................................................ ५९
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ................................................. ५९
**परिच्छेद सात : अपेक्षित नतिजा**............................................................................... ६४
**परिच्छेद आठ : अनुगमन तथा मूल्यांकन** .................................................................... ६७
**अनुसूची**........................................................................................................ ७०
**अनुसूची १ सन्दर्भ सामग्रीहरू**................................................................................ ७०
**अनुसूची २ तथ्याङ्क संकलनको चेक लिष्ट**..................................................................... ७२
**अनुसूची ३ – तथ्याङ्क संकलन फाराम**.......................................................................... ७५
**अनुसूची ४: फोटोहरु**......................................................................................... ८७
**४.१ जुम मिटिङ्का फोटोहरु** ....................................................................................... ८७
**४.२ स्थलगत भ्रमणको केहि झलकहरु**............................................................................ ८९

## तालिका सूची


तालिका १: गाँउपालिकाको वाड  विभाजन ........................................................ १२
तालिका २: गाँउपालिकाको जनसंख्या बिवरण ....................................................१४
तालिका ३: गाउँपालिकामा कार्यरत कर्मचारीको संख्या ...........................................१६
तालिका ४: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्थाः.................. २३
तालिका ५: जग्गाको किसिम अनुसार मालपोत दर ............................................. २७
तालिका ६: स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री दर ........................३१
तालिका ७: राजश्व परामर्श समितिको विवरण .................................................... ३७
तालिका ८: गाउँपालिकाको आय संकलनको अवस्था (रु. हजारमा)..............................४२
तालिका ९: राजश्व सुधार सम्बन्धी रणनीति र कार्यनीति .....................................४७
तालिका १०: राजश्व प्रशासन सुधार योजना.....................................................५०
तालिका ११ : कर राजस्व सुधार योजना.........................................................५२
तालिका १२: गैर कर राजस्व सुधार योजना..................................................... ५६
तालिका १३: आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपणको आधार (रु हजारमा) ...........५९
तालिका १४: आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपणको आधार (रु हजारमा) ...........६१
तालिका १५: अपेक्षित आय संरचना ...............................................................६४
तालिका १६: अनुगमन तालिका ...................................................................६८

# परिच्छेद – एक : परिचय

## १.१ पृष्ठभूमि

वर्तमान संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको कार्यजिम्मेवारी निर्धारण गरेको छ । यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तीका लागि संघ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यबस्था गरेकोछ । संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न संभव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिने हुँदा संघीय वित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरु लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गरिएकोछ । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र संघीय कानून बमोजिम राजस्व बाँडफाँड बापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानूनी व्यबस्था समेत गरिएको छ ।

स्थानीय सरकारको वढ्दो खर्च धान्नका लागि र उनीहरुको सामथ्र्य वृद्धी गर्नका लागि पनि ती निकायहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धी गर्नुपर्ने आवश्यकता अपरिहार्य बन्न पुगेको छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका संभावनाहरुको खोजी गर्ने, संभाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयाशका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको खाँचो देखिन्छ ।

यसै सन्दर्भमा गाँउपालिका तथा गाउँपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजश्व सुधारका कृयाकलापहरु पहिचान गर्न र पहिचान गरिएका कृयाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न यो राजश्व सुधार

कार्ययोजना तर्जुमा दिग्दर्शन तयार गरिएको छ । यो दिग्दर्शनको उपयोगबाट स्थानीय तहलाई आ–आफ्नो राजश्व सुधार कार्ययोजना तर्जुमा गरी आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजश्व प्रक्षेपणलाई यथार्थपरक र बैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यबस्थित गर्न मद्दत मिल्ने विश्वास लिईएको छ ।

यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन बागमति प्रदेश अन्तर्गत दोलखा जिल्लाको वैतेश्वर गाउँपालिकाको लागि तयार गरिएको हो। राजस्व सुधार कार्ययोजना तर्जुमा कार्य वैतेश्वर गाउँपालिकाले आवश्यकता महसुस गरे बमोजिम नेपाल डेभलपमेण्ट कन्सल्टेन्सी प्रा.लि. काठमाडौंले प्राविधिक सहयोग उपलब्ध गराएको थियो । अध्ययनका क्रममा गाउँपालिकाले राजस्व सम्बन्धी स्थलगत सूचना संकलन तथा कार्यशाला गोष्ठीहरूको आयोजना गरेको थियो ।

## १.२ राजश्व सुधार योजनाको औचित्य

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था संविधानले गरेको छ । स्थानीय सरकारले आ–आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व वाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्नसक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानूनी व्यवस्था समेत छ । संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐनले गाउँपालिकालाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भए तापनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन्, जसको मूख्य कारणमा स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ । राजस्व प्रकृयामा सुधारका लागि वैतेश्वर गाउँपालिकाको नेतृत्वमा सहभागीतामूलक पद्दति अवलम्न गरी राजस्व राजश्व सुधार कार्ययोजना तर्जुमा

वैतेश्वर गाउँपालिका सुधार कार्ययोजना तर्जुमा गरिएको छ । कार्यक्रमले गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालापक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार हुनेछ ।

## १.३ योजनाले राखेका उद्देश्यहरु

- कर गैर कर तथा प्रचलित कर प्रणाली वारे स्थानीय तहको बुजाईमा प्रस्टता ल्याउने
- स्थानीय तहलाई संविधानप्रदत्त अधिकार, कामको जिम्मेवारी, राजस्व अधिकार, अन्तरसरकारी वित्तीय हस्तानतरण, सार्वजनिक खर्चका लागि ऋण लिने अधिकार जस्ता अवधारणा र व्यवस्था वारे अनुशिक्षण प्रदान गर्ने
- संघ, प्रदेश स्थानिय सरकारका एकल र राजस्व अधिकार साझा अधिकार क्षेत्र वारे प्रस्टता ल्याउने
- राजस्व तथा करको दायराहरु खोजि तथा पहिचान गर्न सहयोग पुर्याउने तथा राजस्व प्रक्षेपणका वैज्ञानिक विधिहरु, कर निर्धारण प्रक्रिया, राजस्व निर्धारणका आधारहरु वारे स्थलगत रुपमा अभ्यास गराई वैज्ञानिक कर प्रणाली लागू गर्न सक्षम वनाउने
- Coaching and mentoring विधिको अवलम्बन गर्दै स्थानीय सरकारका विशेष गरि राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई राजस्व प्रक्षेपणका विधिहरु व्यावहारिक रुपमा राजस्वको अवस्था र सम्भाव्यता विश्लेषण गर्न सहयोग पुऱ्याउने
- स्थानीय तहको कम्तिमा ३ बर्षको राजस्व सुधार कार्य योजना निर्माण गर्ने

## १.४ योजना तर्जुमा विधि र प्रक्रिया

उल्लेखित कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधीहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समुहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मूख्य सामाग्रीहरू अनुसूची १ मा दिईएको छ ।

### १.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास

सन्दर्भ सामाग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरूबाट तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फारम अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

### १.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि खटिएको परामर्शदाताको टोलीले शुरुमा zoom Meeting बाट प्रारम्भिक बैठक संन्चालन गतिएको थियो। त्यसपस्चात, बैतेश्वर गाउँपालिका पुगी गाउँपालिका अध्यक्षसंग प्रारम्भिक भेटघाट गरेको थियो, सो छलफलमा २०७८/०३/१२ गतेको दिन कार्यक्रमको ढाँचा र हासिल गर्न खोजिएको उपलब्धिहरूका बारेमा छलफल गरिएको थियो । गाउँपालिकाको राजस्व परिचालन सम्वन्धमा गाउँपालिकाका पदाधिकारीहरू, राजस्व परामर्श समिति, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूलाई अभिमुखीकरण गर्न तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न दुई दिने अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । अभिमुखीकरण कार्यक्रमको उद्घाटन कार्यक्रमको अध्यक्षता गाउँपालिकाका उपाअध्यक्ष तथा राजस्व परामर्श समितिका संयोजकले गर्नु भएको थियो।

कार्यक्रम गाउँपालिकाको राजस्व सुधारका उपायहरू खोजी गर्नेमा केन्द्रित भएकाले सहजकर्ताहरूद्वारा सहभागीहरूलाई कनकाई गाउँपालिकाको राजस्व सुधार गर्न के गर्नुपर्ला भनी सुझाव माग गरिएको थियो । सहभागीहरूबाट मेटाकार्ड मार्फत् संकलन गरिएको उक्त सुझावहरूको सारांश देहाय अनुसार रहेको छः

- सम्पूर्ण व्यवसायीलाई करको दायरामा ल्याई व्यवसाय कर प्रभावकारी रुपमा संकलन गर्न सकिने प्रक्रिया मिलाउने ।
- कर प्रशासनमा सूचना प्रविधिको प्रयोग गर्ने

- राजस्व संकलन अनुगमन गर्ने तथा खर्चको पारदर्शितामा ध्यान दिने
- तथ्याङ्कलाई अध्यावधिक राखी संकलन प्रणलीलाई व्यवस्थित गर्ने
- वैज्ञानिक कर प्रणाली र राजस्व प्रशासनको सुधार
- करको दायरा वृद्धि गरी सवै करदातालाई कर तिर्न लगाउने वातारण तयार गर्ने
- राजस्व चुहावट नियन्त्रण कार्य प्रभावकारी बनाउने
- कर दातालाई कर तिर्न उत्प्रेरणा बढाउने
- करको दायरा बढाउनुलाई करका दर न्यून कायम गर्ने

### १.४.४ तथ्यांक/सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा गाउँपालिकाका विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । यसका अलावा तथ्यांक संकलनका लागि गठित कार्यदलले आवश्यक तथ्यांकहरू संकलन गरी उपलब्ध गराएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरियोः

- राजस्व प्रशासनिक ब्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- गत वर्ष तथा चालु वर्षको हाल सम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

### १.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो ।

### १.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकारपक्षहरू गाउँ पालिका लगायत सहयोगी निकाय समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको छ ।

### १.४.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना

मस्यौदा प्रतिवेदन उपर सुझाव संकलनको लागि एक दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा गाउँपालिकाका अध्यक्ष, उपा-अध्यक्ष, प्रशासकिय अधिकृत, सम्बन्धित शाखाका कर्मचारीहरु, परामर्शदाताका टोलि नेता र विज्ञहरु लगायत अन्य सरोकारवाला व्यक्तिहरुको सहभागिता रहेको थियो । कोभिड-१९ को कारणले यस्तो कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न गरिएको थियो । कार्यक्रममा परामर्शदातृ संस्थाको तर्फवाट कार्ययोजना तर्जुमाका टोली नेताले शिर्षकगत रुपमा मस्यौदा प्रतिबेदन पेश गरी सो उपर प्राप्त सुझावहरु टिपोट गरिएको थियो । सोही क्रममा राजश्व परामर्श समितिका पदाधिकारीहरुसँग छलफल गरी गाउँपालिकाको अर्थ विधेयक तर्जुमाका विविध पक्षहरुबारे छलफल गर्नुका साथै राजश्व परामर्श समितिको प्रभावकारी परिचालनका उपायहरु माथि अन्तरक्रिया गरिएको थियो । अन्त्यमा गाउँपालिकाका अध्यक्षले सहभागी सबैलाई धन्यवाद दिदै कार्यक्रमको समापन गर्नु भएको थियो ।

### १.४.८ प्रतिवेदनको अन्तिम रुप

कार्यक्रमका मुख्य सरोकारपक्षहरूले मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाहरू प्रदान गर्नुभएको थियो । त्यसैगरी मस्यौदा प्रस्तुति तथा छलफल कार्यक्रमबाट पनि विभिन्न सुझाव तथा सल्लाहरू प्राप्त भएको थियो । यसरी प्राप्त सान्दर्भिक सुझाव तथा सल्लाहहरूलाई प्रतिवेदनमा समावेश गरी यो अन्तिम अध्ययन प्रतिवेदन तयार गरिएको हो ।

## १.५ योजनाका सीमाहरु

गाँउपालिकाको राजस्व सुधार कार्य योजना क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन्

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा

आंशिक स्थलगत अध्ययनवाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।

- संघीय तथा प्रदेश सरकारसंग प्राकृतिक स्रोत तथा पर्यटन शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात् यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।
- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद – दुई : गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था, गाउँपालिकाको परिचय, उपलब्ध कानूनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्‌यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्‌दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ । त्यसैगरी गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयाशहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्नेछ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

### २.१.१ अवस्थितिः

बागमति प्रदेश अन्तर्गत दोलखा जिल्लाको मध्य भागमा अवस्थित छ। यसको पूर्वमा जिरी गाउँ पालिका, पश्चिममा भिमेश्वर गाउँ पालिका, उत्तरमा गैरीशंकर गाउँपालिका तथा कालिञ्चोक गाउँपालिका र दक्षिणमा तामाकोशी गाउँपालिका रहेको यो गाउँपालिका जिरी जाने प्रमुख नाकाको रुपमा रहेको छ। यस गाउँपालिकाको अधिकांश भूभाग उच्च पहाडि र हिमाली क्षेत्रभित्र पर्दछ। यो गाउँपालिका समुन्द्री सतह देखि करिब २३०० मिटर सम्मको उचाईमा रहेको छ।

### २.१.२ गाउँपालिकाको गठनः

वैतेश्वर गाउँपालिका नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम स्थापना भएको दोलखा जिल्लामा अवस्थित ९ वटा स्थानीय तह मध्ये यो बैतेश्वर गाउँपालिका एक हो। साविकका क्षत्रपा, नाम्दु, काब्रे, गैरीमुदी, मीर्गे गा.वि.स मिलेर यो गाउँपालिका ८ वडामा विभाजन छ । समुद्रि सतह देखी ८८६ मिटर देखी ३०४७ मिटर सम्म्को उचाईमा रहेको छ। यस गाउँपालिकाको क्षेत्रफल ८०.४१ वर्ग कि.मि छ ।

तालिका १: गाँउपालिकाको वाड विभाजन

| वाड नं. | समावेश भएका साविक गा. वि. स. हरु | साविक वाड नं. |
|---|---|---|
| १ | गैरीमुदी | सबै ९ वटा वडाहरु |

| | | |
|---|---|---|
| २ | मीर्गे गा.वि.स | वाड नं. ६, ७, ८ |
| ३ | मीर्गे गा.वि.स | वाड नं. १, २, ३, ४, ५ |
| ४ | काब्रे गा. वि. स. | वाड नं. १, २, ३, ४, ५ |
| ५ | काब्रे गा. वि. स. | वाड नं. ६, ७, ८, ९ |
| ६ | नाम्दु गा. वि. स. | वाड नं. १, २, ३, ४, ५ |
| ७ | नाम्दु गा. वि. स. | वाड नं. ६, ७, ८, ९ |
| ८ | क्षत्रपा गा. वि. स. | सबै ९ वटा वडाहरु |

स्रोतः गाउँपालिका बस्तुगत विबरण, २०७५

नक्शा न. १ गाउँपालिकाको नक्शा




स्रोतः गाउँपालिका बस्तुगत विबरणः २०७५

यसको वडा नं. ६ को पाडुडाँडामा गाउँपालिकाको स्थायी केन्द्र रहेको छ र सोही स्थानमा पक्की भवन निर्माण गरी कार्यालय संचालन तथा सेवा प्रवाह गर्दै आएको छ । तामाङ, क्षेत्री, बाम्हण,

जिरेल, थामि लगायतको जातजातिको बाहुल्यता रहेको यस गाउँपालिकाको प्रमुख व्यापारिक नाका तथा बजारहरुमा मैनापोखरी, खाँवा, तामाकोशी, नाम्दु, लहरेमाने, पुतलीकाठ, क्षत्रपा आदि पर्दछन ।

### २.१.३ गाउँपालिकाको नामाकरणः

वैतेश्वर गाउँपालिकाको नाम पर्यटकीय तथा पवित्र धार्मिक स्थलको रुपको प्राचिन काल देखिविश्वस गरिदै आएको साविकको नाम्दु गा. वि. स. वाड नं. ४ (हाल वैतेश्वर गाउँपालिका वाड नं. ६) मा अवस्थित वैतेश्वर महादेव मन्दिरको नाम बाट नामाकरण गरिएको हो।

### २.१.४ सामाजिक तथा आर्थिक अवस्थाः

#### २.१.४.१ सामाजिक

"सबैको साथ, वैतेश्वरको विकास" भन्ने नारा साकार पार्न यस गाउँपालिकामा आर्थिक तथा सामाजिक बिकासका कार्य गर्दै आएको छ। वि.सं. २०६८ सालको जनगणना अनुसार १९८७६ जनसंख्या रहेकोमा २०७५ सालमा गरिएको सर्वेक्षण अनुसार जम्मा २७०९१ रहेको छ। यो २७% ले बृध्दि भएको देखिन्छ। हाल यस गाउँपालिकामा ५२% महिला तथा ४८% पुरुष रहेका छन। जसमध्ये ३०% बालबालिका रहेका छन। औषत पारिवारिक जनसंख्या ३.५ रहेको छ। जातिगत रुपमा हेर्ने हो भने ब्राम्हण क्षेत्री ४९.०३%, जनजाति ३५.८१%, दलित १२.४५% र अन्य २.७% रहेको छ। यस गाउँपालिकामा निम्न अनुसार जनसंख्या रहेको छः

तालिका २: गाँउपालिकाको जनसंख्या बिवरण

| वार्ड न. | घर धुरी | पुरुष (जनसंख्या) | महिला (जनसंख्या) | जम्मा (जनसंख्या) |
|---|---|---|---|---|
| १ | ६४८ | १९०१ | १६४८ | ३५४९ |
| २ | ५९२ | १६७५ | १६६१ | ३३३६ |
| ३ | ७६८ | २२८८ | २३५४ | ४६४२ |
| ४ | ६२२ | १५१७ | १५९३ | ३११० |
| ५ | ५६९ | १२५४ | १२८३ | २५३७ |
| ६ | ७६० | २११३ | २३५१ | ४४६४ |
| ७ | ५४० | ११६२ | १३०० | २४६२ |
| ८ | ५८० | १४०६ | १५८५ | २९९१ |
| जम्मा | ५०७९ | १३०६३ | १४०२८ | २७०९१ |

स्रोतः गाउँपालिकाको वस्तुगत विवरण,२०७५

यो गाउँपालिका प्राकृतिक श्रोतले धनी र पर्यटकीय दृष्टिकोणले धेरै सम्भावना रहेको छ। यो गाउँपालिकाको सबै वाडलाई सडक सञ्जालले छोएको छ। सामाजिक पुर्वाधारको रुपमा हेर्ने हो भने यो गाउँपालिकाका प्रत्येक वाडमा कम्तिमा एक खेलमैदान रहेको छ। प्रा वि आ मा वि र मा वि गरेर २३ वटा सामुदायिक र ३ वटा निजि विद्द्यालय रहेको छ। यहाँ २ वाडमा कलेज र ५ वटामा उच्च मा वि रहेको छ। करिब ३०% जमिनमा सिंचाई सुविधा वा ३०% खेति योग्य जमिन रहेको छ।

### २.१.४.२ आर्थिक

बिभिन्न जातजातिको समुदाय बस्ने यस गाउँपालिकाको जनता खासगरी युवा पुस्ता कामको लागि तेस्रो मुलुक जाने प्रबृति बढ्दै गएको छ। यहाँको मानिसहरुको मुख्य आम्दानीको श्रोत कृषि तथा पशुपालन तथा तेस्रो मुलुक रहेको छ। यस गाउपालिकामा सिँचाईको अभाव छ । जम्मा क्षेत्रफलको ३० प्रतिशत जमिन मात्र खेतियोग्य छ र जम्मा खेतियोग्य जमिन मध्ये पनि केवल ३० प्रतिशत जमिनमा मात्र सिँचाईको सुविधा छ । तसर्थ यस गाउपालिकालाई सिंचाईको विस्तार गर्नु पर्ने कडा चुनौती छ ।

खाद्य सुरक्षाका हिसावले यो गाउँपालिकामा केवल २६ परिवार सँगमात्र १२ महिना खाएर पनि खाद्यान्न बेच्न सक्ने अवस्था छ भने आफ्नो उत्पादनले ३ महिना पनि खान नपुग्ने १४४७ परिवार छन् । त्यसैगरी ४ देखि ६ महिना खान पुग्ने २६४० परिवार छन् भने ७ देखी ९ महिना खान पुग्ने ६४९ तथा १० देखी १२ महिना खान पुग्ने १५५६ परिवार छन् ।

यो वैतेश्वर गाँउपालिका पर्यटकीय हिसाबले उपयुक्त स्थान हो । शेर्पा गुम्बा, लामा गुम्बा, बुद्ध पार्क, जलेश्वर मन्दिर, कैलेश्वर मन्दिर, कर्कले गुफा मन्दिर, शिव मन्दिर, लामा गुम्बा, काली देवी मन्दिर, सेती देवी मन्दिर, वैशाखेश्वर महादेव, खावा डाँडा, हनुमान मन्दिर, फाप्लुको डाँडा, काब्रे कृषि फार्म, मन्दिर, गुम्बा, इको पार्क, वैतेश्वर महादेव मन्दिर, तामाकोशी, डाङ्गडुङ्गेश्वरी मन्दिर, देउराली डाँडा आदी यस गाँउपालिकाका मुख्य आकर्षण र पर्यटकीय गन्तव्य हुन ।

वैतेश्वर गाँउपालिकाको भू उपयोगका हिसावले वन क्षेत्र ६० प्रतिशत छ भने खेतियोग्य जमिन ३० प्रतिशत मात्र छ जस मध्ये पनि खेति अयोग्य जमिन केवल ३० प्रतिशत छ र खेति भएको

(खेतियोग्य जमिनलाई १०० मान्दा) ८० प्रतिशत मात्र छ । यस गाउँपालिकामा सिंचाईको अभाव छ सिंचाइ भएको (खेति भएको जमिनलाई १०० मान्दा) केवल १५ प्रतिशतमा मात्र सिँचाई पुगेको छ र वन पैदावरको हिसाबले यो धनी गाँउपालिका हो । उद्यम विकास रणनीतिक योजना अनुसार ४० प्रतिशत जमिन वन जङ्गल, मिश्रित वन र झाडी बुट्यानले ओगटेको छ । ४६ वटावन सामुदयिक वन समुदायलाई हस्तान्तरण गरेको छ भने बाँकी वन हस्तान्तरण हुन बाँकी देखिन्छ । यस गाँउपालीकामा ४६ वटा सामुदायिक वन उपभोक्ता समिति रहेका छन्।

### २.१.४.३ भौतिक पूर्वाधार

वैतेश्वर गाँउपालिकाका गाँउ क्षेत्रभित्र रहेका सबै वडा हरुमा सडक पुगेका छन् । जसमा १२ महिना नै मोटर पुग्ने गर्छ । जिरी काठमाण्डौ सडकले ४, ५ र ६ वडा हुदै काठमाडौ सँग जोडेको छ । त्यसकारण मोटरबाटोको सहज पहूँच बनेको छ । यस गाउपालिकामा संचार क्षेत्रको रामै सँग विकास भएको छ । ६७२९ परिवारमा मोवाईल फोनको उपलब्धता छ भने २६९ परिवारमा इन्टरनेटको सुविधामा जोडिएका छन् । यसका अतिरिक्त रेडियो र टि.भि मा पनि ६२०० परिवार जोडिएको अवस्था छ । गाँउपालिकामा राष्ट्रिय प्रसारण लाइनबाट विद्युत सेवा प्राप्त गर्ने ९५ प्रतिशत छन् भने ५ प्रतिशत घरधुरीमा सो सेवा पुग्न बाँकी छ । कार्यालय तथा सबै वडाहरूमा इन्टरनेट सहितको कम्प्युटर, प्रिन्टरको सुविधा रहेको छ ।

## २.२ गाउँपालिकाको मानव संसाधनको अवस्था

नवगठित गाउँपालिकाको पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको कार्य संचालन भएको छ । यस गाउँपालिकामा रहेका ८ वटा वडामा निर्वाचित तथा मनोनित सदस्यहरु सहित जम्मा ४२ जाना गाउँसभा सदस्यहरु रहेका छन्। त्यसैगरी गाउँ कार्यपालिकाको दैनिक कार्यसम्पादनका लागि विभिन्न विषयगत क्षमता सहित अधिकृत तथा सहायक कर्मचारी कार्यरत छन् । यस गाउँपालिकामा प्रमुख प्रशासकिय अधिकृत १, अधिकृतहरु ७, प्राविधिक अधिकृतहरु ४, स्वास्थ्य सेवाका प्राविधिक १९ सहित कुल ९३ कर्मचारी कार्यरत रहेका छन् ।

तालिका ३: गाउँपालिकामा कार्यरत कर्मचारीको संख्या

| क्र. सं. | पद | संख्या |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ |

| | | |
|---|---|---|
| २ | प्रशासकीय अधिकृत | १ |
| ३ | कर अधिकृत | १ |
| ४ | सहायक कम्प्युटर अपरेटर | ६ |
| ५ | अ.स.ई. | १ |
| ६ | इन्जिनियर | १ |
| ७ | अ सव ई | ४ |
| ८ | सहायकस्तर चौथो | ४ |
| ९ | सहायकस्तर पाँचौ | ६ |
| १० | सुचना प्रविधि अधिकृत | १ |
| ११ | रोजगार अधिकृत | १ |
| १२ | कानुन सहजकर्ता | १ |
| १३ | स ले पा | २ |
| १४ | कृषि प्राविधिक | ६ |
| १५ | पशु विकास प्राविधिक | २ |
| १६ | स्वास्थ्य सम्वन्धि विभिन्न पदमा | ३३ |
| १७ | सामाजिक परिचालक | १ |
| १८ | खा पा स टे | १ |
| १९ | अमिन | १ |
| २० | स क अ | १ |
| २१ | सुरक्षा गार्ड/ चौकीदार | २ |
| २२ | कार्यालय सहयोगी | १३ |
| २३ | सवारी चालक | ३ |

स्रोतः गाउँपालिका स्थलगत सर्वेक्षण, २०७८

## २.३ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

यस गाउँपालिकाको कार्यालय पाडुडाँडामा आफ्नै नव निर्मित पक्की भवनको साथै सबै वाडमा पनि आ-आफ्नै कार्यालय रहेको छ। गाउँपालिकाको कुल अचल सम्पति ४३.५ रोपनी रहेको छ।

# परिच्छेद — तीन : स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाब्यता

**पृष्ठभूमिः**

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृतमा विश्लेषण गरिएको छ । यसबाट आन्तरिक आय परिचालनको अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको राजश्वको दायरा, समस्या तथा चुनौतिहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ।

## ३.१ राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ।

- सम्पत्ति कर
- भूमीकर (मालपोत)
- घर बहाल कर
- सवारी साधन कर
- व्यवसाय कर
- मनोरञ्जन कर
- सेवा शुल्क दस्तुर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- दण्ड जरिवाना

संघीय कानून (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छः

**(क) गाँउपालिका वा गाउँ पालिकाको एकल अधिकारः**

**१. कर**

- सम्पत्ति कर, घर र सो ले चर्चेको (लेन्ट एरिया) जग्गामा (आर्थिक ऐन २०७७ अनुसुचि १ बमोजिम)
- भूमि कर (मालपोत) सम्पत्ति कर लगाउने भनि तोकिएको घरजग्गा वाहेकको अन्य जग्गामा (आर्थिक ऐन २०७७ अनुसुचि २ बमोजिम)
- घर जग्गा बहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम टहरा आदी बहालमा दिएकोमा अनुसुचि ३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ।
- व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा अनुसुचि ४ बमोजिम घर कर लगाइने र असुल गरिनेछ।
- जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत अनुसुचि ५ बमोजिम कर लगाइने र असुल गरिनेछ।
- सवारी (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुचि ६ बमोजिम कर लगाइने र असुल गरिनेछ।
- विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुचि ७ बमोजिम कर लगाइने र असुल गरिनेछ। तर कानुन स्वीकृत भई कानुनमा अन्यथा व्यवथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ।
- मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसुचि ८ बमोजिम कर लगाइने र असुल गरिनेछ। तर कानुन स्वीकृत भई कानुनमा अन्यथा व्यवथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**२. शुल्क**

- बहाल बिटौरी शुल्कः आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत अनुसुचि ९ बमोजिम शुल्क लगाइने र असुल गरिनेछ।
- पार्किङ् शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत अनुसुचि १० बमोजिम शुल्क लगाइने र असुल गरिनेछ।
- ट्राभल एजेन्सी, फनपार्क, ग्लाइडिङ्ग, वाटर ऱ्याफ्टीङ, ट्रेकिङ, पदयात्रा सञ्चालन शुल्कः आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ, कायकिङ्ग, बञ्जी जम्प,

जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा गरे बापत अनुसुचि ११ बमोजिम शुल्क लगाइने र असुल गरिनेछ।

- सेवा शुल्कः गाउँपालिका वा वाड कार्यालयले सिफारिस गर्दा अनुसुचि १२ मा उल्लेखित विषयको सिफारिसमा सोही अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल गरिनेछ।
- विविध सेवा शुल्कः गाउँपालिका वा वाड कार्यालयले सिफारिस गर्दा अनुसुचि १३ मा उल्लेखित विषयको सिफारिसमा सोही अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल गरिनेछ।

**३. दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः दफा १५ अनुसार हुनेछ।
    - एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग
    - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग
    - नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)
    - पंजिकरण ब्यवस्थापन दस्तुर
    - वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर
    - जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर

**४. विक्री**

- वस्तु तथा सेवा विक्री
- गाउँपालिका तथा गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वाताबरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तुको विक्री गर्न सक्ने ।
- गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने ।
- यस्तो विक्रीबाट प्राप्त रकम गाउँपालिका तथा गाउँ पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने।

**सामुदायिक वनबाट आय प्राप्त गर्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा गाउँ पालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा गाउँ पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा २० (२)**

- ❖ प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- ❖ खनिज पदार्थको उत्खनन रोयल्टी
- ❖ सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- ❖ पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- ❖ प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- ❖ खनिज पदार्थको उत्खनन रोयल्टी
- ❖ सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- ❖ पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- ❖ खानेपानी महसुल
- ❖ स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- ❖ स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन
- ❖ राजश्व सुधार कार्ययोजना तर्जुमा
- ❖ जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- ❖ स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- ❖ इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- ❖ स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन**, **२०७४**) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तिय अधिकार प्रदान गरेको छः

**(क) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था** (आर्थिक विधयेक २०७५ वाट संसोधित ब्यवस्था)

- सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा गाउँ पालिकाले लगाउने र उठाउने।
- घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाउँ पालिकाले उठाउने।
- मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाउँ पालिकाले उठाउने।
- विज्ञापन करको दर गाँउपालिका वा गाउँ पालिकाले लगाउने र उठाउने

  (ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा गाउँ पालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।
- प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।
  - प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने
  - आयोगले निर्धारण गरेको निर्धा।ण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने
  - प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व वाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी बार्षिक रुपमा प्राप्त हुने

**(ग) अनुदान**

- बित्तीय समानीकरण अनुदानः खर्चको आवस्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने

- समपूरक अनुदानः पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- बिशेष अनुदानः कुनै खास उदेश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) बैदेशिक सहायता तथा आन्तरिक ऋण**

- ❖ नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- ❖ नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमा भित्र आन्तरिक ऋण लिन सक्ने
- ❖ नेपाल सरकारसँग मनासिब कार्यकालागि ऋण लिन सक्ने

उपरोक्त ब्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने ब्यवस्था हुनुका साथै निम्न अनुसारका थप ब्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था)
- कर नलाग्नेः कुटनीतिक नियोग, कुटनितिज्ञ, बैदेशिक ऋण वा सहायतावाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको विकृ नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा ब्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने

## ३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानूनी अधिकारको आधारमा सम्भाब्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यस गाउँपालिकाको मुख्य आन्तरिक आयका प्रमुख स्रोतहरुमा मालपोत, सिफारिस तथा अन्य दस्तुर, सेवा शुल्क दस्तुर, सम्पत्ति कर, व्यवसाय दर्ता तथा नवीकरण दस्तुर आदि रहेका छन् । यसले गाउँपालिकामा सम्भावना भएका आय शीर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउछ

तालिका ४: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्थाः

| क्र. सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| क. | कर तर्फ | | | |
| १ | सम्पति (घरधुरी) कर | √ | √ | √ |
| २ | भूमि कर वा मालपोत | √ | √ | √ |
| ३ | घर जग्गा वहाल कर | √ | √ | √ |
| ४ | व्यवसाय कर | √ | √ | √ |
| ५ | जडिबुटी, कवाडी र जीवजन्तु कर | √ | - | - |
| ६ | सवारी साधन कर | √ | - | - |
| ७ | विज्ञापन कर | √ | - | - |
| ८ | मनोरन्जन कर | √ | - | - |
| | | | | |
| ख | गैर कर राजश्व | | | |
| १ | बहाल बिटौरी शुल्क | √ | √ | √ |
| २ | सवारी पार्किङ शुल्क | √ | √ | √ |
| ३ | फोहोरमैला व्यवस्थापन शुल्क | √ | - | - |
| ४ | हाजबजार सेवा शुल्क | √ | √ | √ |
| ५ | घर नक्शा पास दस्तुर | √ | √ | √ |
| ६ | ढुंगा,गिटी, वालुवा, दहत्तर बहत्तर शुल्क | √ | √ | √ |
| ७ | सिफारिस तथा वक्यौनी दस्तुर | √ | √ | √ |
| ८ | नाता प्रमाणित दस्तुर | √ | √ | √ |
| ९ | अन्य प्रमाणित दस्तुर | √ | √ | √ |
| १० | दर्ता, अनुमति तथा नविकरण दस्तुर एफ एम रेडियो संचालन, घ वर्गको निर्माण | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| | ईजाजतपत्र, विद्यालय स्थापन, स्थानीय स्तरका व्यापारिक फर्म) | | | |
| ११ | अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्वर आदि) | √ | √ | |
| १२ | सार्वजनिक शौचालय शुल्क | √ | - | - |
| १३ | जग्गा रेखांकन दस्तुर | √ | √ | √ |
| १४ | सरकारी सम्पतिको वहालबाट आय | √ | √ | √ |
| १५ | पशुवधशाला सेवा शुल्क | √ | - | - |
| १६ | सडक वत्ती सेवा शुल्क | √ | - | - |
| १७ | ढल निकास सेवा शुल्क | √ | - | - |
| १८ | दण्ड जरिवाना | √ | - | - |

माथि उल्लेखित तालिकाका आधारमा विश्लेषण गर्दा गाउँपालिकाले बिभिन्न शिर्षकमा कर निर्धारण गरिएको भएपनि ४ शिर्षकहरूमा आय संकलन गर्ने भएको देखिन्छ । जसमध्ये गाउँपालिकाले हालसम्म भुमि कर, घरबहाल कर, व्यवसाय कर र अन्य कर गरी ४ वटा शिर्षकहरूको कर संकलन भइरहेको छ। अन्य कर पनि संकलन गर्न सकिने अवस्थामा रहेको छ । त्यसैगरि गैर कर तर्फ समग्रमा जम्मा १८ वटा शिर्षकहरू मध्ये १३ वटा शिर्षकहरूबाट आय संकलन गर्ने सम्भावना देखिन्छ । ८ वटा शिर्षकहरूमा दर निर्धारण गरिएको भएको भएतापनि ४ वटा शिर्षकहरूबाट मात्र राजश्व संकलन भइरहेको छ ।

## ३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### ३.३.१ स्थानीय कर राजस्व

**क. सम्पति कर**

**हालको अवस्थाः** गाँउपालिकाको आर्थिक ऐन २०७७ को दफा २ मा "गाँउपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लागू गरी कार्यान्वयन गरिने व्यहोरा उल्लेख गरिएको छ । उक्त आर्थिक ऐनको अनुसूची (१) मा घरजग्गाको मुल्य अनुसार करको दर निर्धारण गरिएको छ भने घरको बनौट अनुसार घरजग्गाको मूल्याङ्कन गर्ने विधि समेत उल्लेख गरिएको छ । जसमा रु ५० देखि २०० सम्म कर लागु गर्ने प्रावधान तोकिएको छ।

**संभाब्यताः** गाउँपालिकाले सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गा (दोब्बर सम्म) मा सम्पत्ति कर लगाई बाँकी रहेको जग्गा र घर नभएको जग्गामा मालपोत लगाउने प्रावधान रहेको छ । गाँउपालिकाको वस्तुस्थिति विवरण २०७५ अनुसार यस गाँउपालिकामा ५०७९ घरधुरी रहेका छन् । । ती घर र घरले चर्चेको जग्गामा सम्पत्ति करको दर औषतमा रु २५० कायम गर्दा रु १२६९७५० संकलन हुन सक्ने देखिन्छ।

**सुधारका पक्षहरूः**

- सम्पत्ति कर तयारी समिति गठन गरी कर व्यवस्थापन कार्यविधि तयार गर्नुपर्ने
- गाउँपालिका र वडास्तरमा सम्पत्ति कर संम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने
- आर्थिक ऐनमा सम्पत्ति करको दर निर्धारण गरी कर संकलनको लागि सफ्टवेयरको व्यवस्था गर्ने ।
- विद्युतीय भूक्तानी प्रणाली क्रमश लागू गर्ने (ईसेवा, खल्ति आदि)
- व्यवसायको करको लगत संकलन गरी व्यवसाय करको अभिलेखलाई सम्पत्ति करको अभिलेखसंग आवद्ध गर्ने ।

**ख) मालपोत (भुमिकर)**

**हालको अवस्थाः** गाउँपालिकाले आर्थिक ऐनको अनुसूचि २ मा मालपोतको दर उल्लेख गरी संकलन गरिआएको छ । जग्गाको प्रकार फरक फरक दस्तुर निर्धारण गारिएको छ। जस अनुसार

प्रति रोपानी रु ७ देखि रु १० सम्म एकमुष्ट लिएको छ। जस अनुसार भूमिकर/मालपोतबाट गाँउपालिकाको आर्थिक बर्ष २०७७/७८ मा रु ६,३९,००० असुल गरेको देखिन्छ ।

तालिका ५: जग्गाको किसिम अनुसार मालपोत दर

| क्र. स. | जग्गाको प्रकार | एकाई | मालपोत दर |
|---|---|---|---|
| १ | अब्बल | प्रति रोपनी | रु १० (रु दश मात्र) |
| २ | दोयम | प्रति रोपनी | रु ९ (रु नौ मात्र) |
| ३ | सीम | प्रति रोपनी | रु ८ (रु आठ मात्र) |
| ४ | चाहार | प्रति रोपनी | रु ७ (रु सात मात्र) |

**संभाव्यताः** सम्पत्ति करका लागि आवश्यक पूर्वाधार खडा नभइसकेकाले हालको अवस्थामा मालपोत नै उपयुक्त देखिन्छ । यस गाउँपालिकामा बस्तुगत विबरण २०७५ अनुसार ५०७९ घरधुरी रहेको र २०७२ सालको भुकम्प पश्चात भुकम्पको लाभग्राही सुचीमा पर्नकालागि दाजुभाई छुट्टिएर परिवार संख्या बढेको देखिन्छ । एक घरमा एक भन्दा बढी व्यक्तिको नाममा पनि घर जग्गा हुने भएकाले करदातामा पनि बृद्दी भएको अनुमान गरिएको छ । ती करदाताबाट औषत करको दर २५० का दरले संकलन गर्दा रु १२६९७५० संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरूः** यस गाउँपालिकाको आन्तरिक आयको निकै महत्वपूर्ण स्रोत मालपोत कर भएकोले यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँपालिकाले निम्न पक्षहरूमा सुधार गर्नुपर्ने देखिन्छः

- मालपोतको दर पुनरावलोकान गरि परिमार्जन गर्ने (करको दर प्रगतिशिल बनाउने) ।
- मालपोतकोलागि जग्गाको अभिलेख राख्ने ।
- वडा कार्यालयले असुल गर्ने मालपोतको अभिलेख गाउँपालिकामा नियमित रुपले आउने ब्यवस्था गर्ने र बर्षमा कम्तिमा १ पटक चेतनामूलक कार्य संचालन गर्ने ।
- मालपोत र सम्पत्ति कर एकै पटक लिने गरि एकिकृत असुली व्यवस्था लागु गर्ने ।
- साविकको वर्गीकरणका आधारमा बढी मुल्य पर्ने जग्गाको यथार्थ लगत तयार पार्ने ।
- आवश्यक पूर्वाधार तयार गरी सबै वडा कार्यालयमा कम्प्युटरमा आधारित विलिङ प्रणाली लागू गर्ने।

**ग) घरजग्गा बहाल कर**

**हालको अवस्थाः** गाउँपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै कोठा भाडा लगाउने घरधनी वा संझौता बमोजिम बहाल रकमको १० प्रतिशत असुल गर्ने व्यवस्था गरेको छ । सबै वडाहरू ग्रामीण क्षेत्रमा पर्ने भएकोले घर भाडामा लाग्न सक्ने परिस्थिति छैन । तर केहि क्षेत्रमा (वाड न. ५  र २ ) बाट घर बहाल कर उठ्छ । यस क्षेत्रमा गाउँपालिका, सहकारी कार्यालय, बैक तथा अन्य संघसंस्थाहरू भाडामा बस्न थालेको छन । गत बर्ष घर बहाल कर मार्फत रु २५४५०० कर संकलन भएको देखिन्छ।

**संभावनाः** यस गाउँपालिकाको केन्द्रमा बिभिन्न  संघसस्थाहरू तथा बैकहरू भाडामा बस्ने क्रम बढ्दो छ । यस्ता संस्थाहरूले घर भाडामा लिंदा बहाल कर तिर्नुपर्ने भएकाले यस आर्थिक वर्षदेखि बहाल करमा पनि राजश्व संकलन हुने देखिन्छ । यी सबै अवस्थालाई मध्यनजर गर्दा घर बहाल करको शिर्षकबाट करीब २०० करदाताबाट १०,००,००० राजश्व संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरू**

- वहालमा भएका घरजग्गाको लगत संकलन गरी व्यवसाय दर्ताको माध्यमबाट अद्यावधिक गर्ने र सम्पत्ति करसंग आवद्ध गर्ने ।
- घर तथा जग्गा धनि र वहालवालाहरू बिचको वहाल सम्झौता अनिवार्य गर्ने ।
- घरजग्गा वहाल रकम मूल्यांकन गर्ने संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।
- घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने ।

**घ) व्यवसाय कर**

**हालको अवस्थाः** गाउँपालिकाले आर्थिक ऐनको अनुसूचि ४ अनुसार, यस क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । व्यवसायहरूलाई व्यवसायको किसिम र आकारको आधारमा वर्गिकरण गरी करको दर निर्धारण गरेको छ । करको दर न्यूनतम रु ५०० देखि अधिकतम रु ५०००० सम्म रहेको छ । तर हालसम्म असुली न्यून छ । गत आर्थिक बर्ष व्यवशाय कर मार्फत रु १८,५४११० संकलन भएको देखिन्छ ।

**संभावनाः** यस गाउँपालिकाको प्रमुख बस्ती क्षेत्रमा व्यापार व्यवसाय रहेको छ । गाउँपालिका क्षेत्रभित्र रहेका व्यवसायहरुको किसिमअनुसारका संख्यासम्बन्धी तथ्यांक तत्काल उपलब्ध छैन । हालसालै केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को प्रारम्भिक नतिजा अनुसार यस गाउँपालिकामा जम्मा ५८६ वटा व्यवसाय रहेका र १६५७ जना उक्त व्यवसायमा संलग्न रहेको देखिन्छ । उल्लेखित व्यवसायहरुबाट औषत रु १००० का दरले संकलन हुँदा रु ५,८६,००० संकलन हुने देखिएको छ ।

**सुधारका पक्षहरूः** गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाँउपालिकामा संचालित व्यवसायहरूको करको दर पुनरावलोकन गरी आर्थिक ऐनमा उल्लेख गर्ने।
- उद्योग वाणिज्य संघको इकाई गठन गरी सो इकाई मार्फत ब्यवसाय करको दरमा सहमति कायम गर्ने ।
- व्यवसायीहरूको तथ्याङ्क संकलन गरी गाउँपालिकामा दर्ता हुने ब्यवस्था शुरु गर्ने र प्रचार प्रसार गर्ने ।
- गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- व्यवसाय कर संकलन टोली गठन गरी वर्षमा १ पटक व्यवसाय कर संकलन अभियान संचालन गर्ने।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- बढी कर तिर्ने व्यवसायीहरुलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने ।
- कर भुक्तानी प्रणालीलाई बैंक मार्तफ र अनलाईन गर्ने ।

**ङ) जडिवुटी, कवाडी, जीवजन्तु कर**

**हालको अवस्थाः** यो गाउँपालिकामा जटामसी, चिराइतो, लौठसल्ला, सतुवा, कुट्की, मुसली, काउलो, वनलसुन, पाषाणभेद, सुगन्धवाल, जिवन्ती, शिलाजित, नागवेली, तेजपात, निरमसी पद्यमचाल, मजिठो, झ्याउ, गामाडोल, बेलाडोना, सुगन्धकोकिला, सोमलता आदि जातका महत्वपूर्ण प्रजातिहरू पाइन्छन् र त्यसको ब्यवसायीक कारोवार भईरहेको छ । सामुदायिक वनले यस्ता वस्तुको

संकलन तथा विक्री  निकासी गरि आएको छ । निकासी गर्न हाल यसकोलागि कर न्यून मात्रमा निर्धारण गरेको छ।

**संभावनाः**

गाउँपालिका क्षेत्रबाट प्रस्सत मात्रामा जडीबुटी संकलन गर्न सकिने सम्भावनाको आंकलन गरिएको छ । विविध प्रकारका जडिबुटीहरूको निकासी गर्दा औषतमा प्रति किलो रु १२५ का दरले कर लिंदा रु २५०,००० संकलन हुने संभावना देखिन्छ । कवाडी मालसामानको निकासी गर्नकालागि बाह्रै महिना सञ्चालन हुन सक्ने स्थायी सडकको सुविधा भएकोले तत्काल यस शिर्षकमा संभावना रहेको देखिन्छ।

**सुधारका पक्षहरूः** कवाडी, जडिवुटी र जीवजन्तु कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिका क्षेत्रमा संकलन तथा व्यवसायिक उपयोग हुने परिमाण सम्बन्धी आवश्यक तथ्यांक संकलन गर्ने ।
- जडिबुटीको किसिम अनुसार करको दरमा बृद्दी गर्ने गरि आर्थिक ऐनमा उल्लेख गर्ने ।

**३.३.२ गैर कर राजश्व**

**क) स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री दर(दत्तर बहत्तर शुल्क):**

**हालको अवस्थाः** यस गाउँपालिका हुँदै बग्ने बिभिन्न साना ठुला नदि तथा खोलाबाट ढुङ्गा, गिट्टी तथा वालुवा उत्पादन भई गाउँपालिका क्षेत्रमा उपयोग भई आएको छ । आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान छ । आर्थिक ऐनको दफा २० बिबिध  कर तथा शुल्कमा दफा  २ बमोजिम ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको संकलनमा अनुसुची (१३) बमोजिम शुल्क लगाइने र असुल उपर गरिने व्यवस्था छ ।

आर्थिक ऐनले माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा) प्रति घन फिट रु ३५ दस्तुर निर्धारण गरेको छ । ढुंगा, गिटी, वालुवा, चुनढुंगा, ग्राभेल, खरिढुंगा आदिको दस्तुर प्रति घन फिट रु १४० स्तुर

तोकिएको छ । गाउँपालिकाले आर्थिक बर्ष २०७७/७८ मा यसबाट करिब रु. ८०००००० आम्दानी गरेको देखिन्छ।

तालिका ६: स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री दर

| क्र. स. | विवरण | इकाई | प्रति इकाई दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | बलुवा, गिट्टी, रोडा, ग्राभेल तथा लोहोरे ढुंगा र आन्तरीक बिक्रि एंव घाटगद्दि स्वीकृत खानि क्षेत्र बाहेक | घन मिटर | १४० | |
| २ | बलुवा, गिट्टी, रोडा र ग्राभेल जिल्ला बाहिर निकासी कर | घन मिटर | १७७ | |
| ३ | माटो आन्तरीक बिक्रि एंव घाटगद्दि स्वीकृत खानि क्षेत्र बाहेक | | ३५ | |
| ४ | माटो जिल्ला बाहिर निकासी कर | | ७० | |
| ५ | खानीजन्य उघ्योगबाट निकासी हुने वस्तुमा निकासी कर मात्र लगाइनेछ। | | | |

**संभावनाः** प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन अनुसार नदि तथा खोलाको विभिन्न स्थानबाट वार्षिक परिमाण मूल्य निर्धारण गरि ठेक्का वन्दोवस्ती गरेको छ। । गाउँपालिका भित्र रहेका खोला तथा नदिमा वालुवाको मुख्य स्रोत रहेको र सोही वमोजिम ढुंगा, गिट्टी, बालुवाको स्रोत विक्री भइरहेको छ । यहाँ बजारको कमी नभएका कारण गाउँपालिकाले तत्काल विक्री गरिरहेको छ । चालु आर्थिक वर्षमा भने कोभिड-१९ का कारण आम्दानी घटन सकने देखिन्छ । आगामी वर्षका लागि गाउँपालिका क्षेत्रभित्र रहेका अन्य साना खोलाहरुमा समेत वातावरणीय परिक्षण गरी ठेक्का लगाउन सकेमा यस शिर्षकबाट रु. २ करोड आम्दानी गर्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरु**

- ढुङ्गा, गिट्टी तथा वालुवा उत्पादनका मुख्य श्रोतहरु मजुवा खानी वडा नं.३, सिद्दथान वडा नं. ४, भैरव वडा नं. २ र उपल्लो मुजी वडा नं. २ मुख्य रहेका छन ।
- IEE प्रतिवेदनले एकीन गरेको परिमाणमा ठेक्का नलागेकाले अमानतबाट बिक्री गर्नकालागि आवश्यक प्रक्रिया मिलाउने ।

- नदिजन्य पदार्थको उत्खनन निर्वाध रुपमा भइरहेकोले त्यसलाई गाउँपालिकाले रोक्नकालागि पहल गर्नुपर्ने ।
- नदिजन्य पदार्थको निकासी गर्न सडक निर्माणमा संलग्न भएको नेपाली सेनासंग समन्वय गरी सहजीकरण गर्ने ।
- थप क्षेत्रको प्रारम्भिक वातावरणीय अध्ययन परीक्षण गरी अध्ययन प्रतिवेदन तयार गर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्ड भित्र रहेर उत्खनन् तथा बिक्री कार्यका लागि गराउन ठेक्का आव्हान गर्ने ।
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्ड भित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चि गर्ने ।
- आर्थिक ऐन नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र दण्ड जरिवानाको प्रावधान समावेश गर्ने ।

**ख) बहाल विटौरी शुल्क**

**हालको अवस्थाः** गाउँपालिकाले आफुले रेखदेख वा सञ्चालन गरेको हाटबजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत बहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ ।

**संभावनाः** यस गाउँपालिकाको क्षेत्र भित्र अस्थायी टहरा निर्माण गरी, जात्रा लाग्दा, तथा हाट बजारको शुरुवात गरी बहाल विटौरी शुल्क संकलन गर्न सक्ने सम्भावना देखिन्छ । हाट बजार तथा जात्रा व्यवस्थित गरी यस शिर्षकबाट रु ५० हजार संकलन हुन सक्ने देखिन्छ ।

**सुधारका पक्षहरूः**

- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी बहाल विटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरि कार्यान्वयन गर्ने ।
- बहाल विटौरी शुल्ककालागि वडा नं ३ को खोर्लाबेसी तथा वडा नं १ को यारुबगरमा संरचना तयार पारी बहाल विटौरी शुल्क लगाउन पहल गर्ने ।
- बहाल विटौरी शुल्कको दर निर्धारण गरि आर्थिक ऐनमा उल्लेख गर्ने ।

**ग) नक्सा पास एवं रजिष्ट्रेशन दस्तुर**:

हालको अवस्थाः गाउँपालिकाले नक्सापास दस्तुरको दर आर्थिक ऐनमा निर्धारण गरेको छ । घर निर्माण नक्सापास गर्दा  नक्सापास  आबेदन पुस्तिका रु १००० तथा बिपत व्यवस्थापन शुल्क बजार क्षेत्रमा ५० र ग्रामिण क्षेत्रमा २० थप गर्ने व्यवस्था गरिएको छ।

**क) बजार क्षेत्रमाः**

- घर निर्माण अनुमति लिन आवश्यक कागजात सहित रू ५०० शुल्क बुझाउनु पर्नेछ।
- नक्सापास गर्दा RCC ढलान घरको प्रति वर्ग फिट ३ तल्ला सम्मको पीच भएको क्षेत्रमा रु ३, पीच नभएको क्षेत्रमा रु २, ४ तल्ला सम्मको पीच भएको क्षेत्रमा रु ५, पीच नभएको क्षेत्रमा रु ३, सो भन्दा माथि पीच भएको क्षेत्रमा रु ६, पीच नभएको क्षेत्रमा रु ४ प्रति वर्गफिटका दरले  लिने व्यवस्था छ। नक्शापास नगरी बनाएको मा तोकिएको शुल्कमा १००% थप दस्तुर लाग्नेछ।
- RCC बाहेक पक्की घर प्रति वर्ग फिट पीच भएको क्षेत्रमा रु २ पीच नभएको क्षेत्रमा रु १ तोकिएको छ।
- फुसको (टिन) छाना भएको घरको प्रति वर्ग फिट पीच भएको क्षेत्रमा रु १ पीच नभएको क्षेत्रमा रु ०.५ तोकिएको छ।

ख) ग्रामिन क्षेत्रमा ( तीन तल्ला सम्मको लागिमात्र)

- RCC ढलान घरको प्रति वर्ग फिट सडक बाटो भएको क्षेत्रमा रु १.५  सडक बाटो नभएको क्षेत्रमा रु ०.७५ तोकिएको छ।
- RCC ढलान घर बाहेकका पक्की घर प्रति वर्गफिट सडक बाटो भएको क्षेत्रमा रु ०.५० सडक बाटो नभएको क्षेत्रमा रु ०.२५ तोकिएको छ।

ग) गाउँपालिका गठन अगाडि निर्माण भएको घरको नक्सा पास दस्तुरको ७५% दस्तुर लिई प्रमाण पत्र उपल्बध गराईनेछ।

घ) नक्सा पास प्रमाण पत्र र घर निर्माण सम्पन्न प्रमाण पत्र प्रतिलिपी दस्तुर रु ५०० लिई सरोकारवालालाई दिईनेछ ।

आर्थिक ऐनमा व्यवस्था गरिए पनि हालसम्म संकलन भएको देखिदैन ।

**सम्भावनाः** यस गाउँपालिकाको घोषणा तथा सडकको समेत पहुँच हुँदै जाँदा यस क्षेत्रमा पक्की घरहरू निर्माण हुने क्रम बढ्ने देखिन्छ । पहिलेनै बनेका घरहरूको अभिलेखीकरण तथा नयाँ बन्ने घरको नक्सापास गर्ने गर्दा उल्लेख्य मात्रामा राजश्व संकलन हुने देखिन्छ । पुराना घरको अभिलेखीकरण तथा नयाँ घरको नक्सा पास दस्तुरबाट करीब रु ५००००० राजश्व संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरूः** नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी बनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- घरहरूको नक्सापास प्रकृया शुरु गर्ने ।
- नक्सापास लागु गर्नु पूर्व बनेका घरहरूको अभिलेखिकरणकालागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने।
- नक्सापासको दर पुनरावलोकन गरि परिमार्जन गर्ने ।
- भुकम्पको लाभग्राही सुचीमा परी संघिय सरकारबाट रु ३ लाख सहयोग प्राप्त गरी निर्माण भएका घरहरूलाई पक्की घर सरह मानी नक्सापासको दायरामा ल्याउने ।
- गाउँपालिका गठन पूर्व वनेका घरहरूको अभिलेखीकरणको लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने।
- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।

### घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्थाः** स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । यो व्यवस्था भर्खरै प्रचलनमा आएको स्थानीय तह सञ्चालन ऐनले गरेको हुनाले गाउँपालिकाले यस्तो शिर्षकबाट आय संकलन गर्न आर्थिक ऐनमा व्यवस्था गरेको छैन ।

**सम्भावनाः** गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । आगामी बर्षहरुमा बिभिन्न व्यवसाय फर्महरूबाट दर्ता, अनुमति र नवीकरण गर्दा औसत दस्तुरबाट रु. ५००००० संकलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- दर्ता तथा अनुमतिकालागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।

- औधोगिक व्यवसाय ऐन तर्जुमा गर्ने।

**ङ) सिफारिश तथा प्रमाणित दस्तुरः**

**हालको अवस्थाः** गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडाबाट संकलन गरिआएको छ । आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु २०० देखि रु १००० सम्म निर्धारण गरेको छ । यसबाट गत आर्थिक वर्षमा रु ६,९२,५२६ संकलन भएको छ । सिफारिस तथा प्रमाणित दस्तुर गाउँकार्यपालिका तथा वडा कार्यालयहरूबाट संकलन गरि आएको छ । वडाबाट संकलित सिफारिश तथा प्रमाणित दस्तुरबाट संकलित रकम वडा सचिवहरूले गाउँपालिकाको आर्थिक प्रशासन शाखामा मासिक रुपमा जम्मा गर्ने गरिएको छ ।

**सम्भावनाः** गाउँपालिकाको कार्यालय तथा ८ वटा वडा कार्यालयहरूबाट वार्षिक करिव ३५०० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित औषत रु ३०० भएमा वार्षिक सिफारिश तथा प्रमाणितबाट रु १०,५०,००० आय संकलन हुने सम्भावना रहेको देखिन्छ ।

**सुधारका पक्षहरूः**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गिकरण गरि दस्तुरका दर पुनरावलोकन गरि परिमार्जन गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पुर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शिर्षक सहितको विवरण तयार गर्ने ।

**च) सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय**

हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधनपश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा गाउँ पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । यस गाउँपालिकामा रहेका सामुदायिक वन तथा ती वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्यांक नभएकाले आगामी आ.व.मा जम्मा रु.१ लाख संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख संकलन गर्ने ।
- सामुदायीक वन पैदाव बिक्री तथा उपयोग सम्बन्धीको वार्षिक कार्ययोजना गाउँपालिकाले स्विकृत गर्ने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

च) **फोहोरमैला व्यवस्थापन शुल्क**

**हालको अवस्थाः** गाउँपालिकाको आर्थिक ऐन २०७७ को दफा १६ मा गाउँपालिका लगायतका प्रमुख वजारहरुमा निस्केको फोहोर मैला विर्सजनकाको लागि शुल्क असुल गरिने व्यवस्था छ । जस अनुसार फोहोरमैला व्यवस्थापन शुल्क रिसोर्ट र तारे होटलको रु १५०० देखि होमस्टे र घरहरुको मासिक रु ५० सम्म शुल्क तोकिएको छ।

- आवसीय घर ३ तल्ला सम्म रु ५०
- ४ तल्ला वा सो भन्दा माथि रु १००
- पसल सटर भए प्रति पसल थप रु १००
- सामान्य प्रकृतिका होटल रेष्टुरेन्ट थप रु १५०
- ठुला प्रकृतिका होटल लज रेष्टुरेन्ट रु ५००
- हस्पिटल रु १५००
- अन्य सघं संस्था रु ५००

**सम्भावना**

गाउँपालिका क्षेत्रमा रहेका होटल तथा रेष्टुरेन्ट, बैंक तथा वित्तिय संस्था, कार्यालयहरु, पसलहरु लगायत नीजि घरहरुबाट फोहोरमैला व्यवस्थापनबाट १ लाख शुल्क संकलन गर्न सकिने देखिन्छ ।

**सुधारका पक्षहरू**

- हालको आर्थिक ऐनको ब्यवस्थालाई पुनरावलोकन गरी फोहरमैला ब्यवस्थापन शुल्कको दर उत्पादन हुने फोहरको प्रकार र परिमाणलाई मध्यनजर गर्दै परिमार्जन गर्ने ।
- मुख्य बजार क्षेत्रमा रहेका व्यवसायी, संघ संस्था तथा घरधुरीहरूको लगत तयार गर्ने ।

# परिच्छेद — चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजश्व परिचालन सम्बन्धी नीति

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रहि आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने प्रयोजनको लागि गाउँपालिका उपाध्यक्षको फुलमाया गुरुङ्गको संयोजकत्वमा देहाय बमोजिमको ६ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ ।

तालिका ७: राजश्व परामर्श समितिको विवरण

| क्र.स. | समितिका व्यक्तिहरु | जिम्मेवारी |
|---|---|---|
| १ | गाउँ उपाध्यक्ष | संयोजक |
| २ | वडा अध्यक्ष (वडा नं ८ ) | सदस्य |
| ३ | उद्योग वाणिज्य संघ, प्रतिनिधि | सदस्य |
| ४ | महिला सदस्य (कार्यपालिकाले तोकेको वाड ६) | सदस्य सचिव |
| ५ | - | सदस्य सचिव |

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरि राजस्वका दरहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाउँ सभा समक्ष पेस गरेको थियो ।

पुनर्संरचित गाउँपालिकाको संवैधानिक व्यवस्थाको आधारमा गाउँपालिकाले चालु वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक बसी आन्तरिक आयको दर प्रस्ताव गरि गाउँसभाले सो दर स्वीकृत गरेको छ । आयका शिर्षकगत दायरा तथा उक्त दायराका दरहरू राखी गाउँसभा मार्फत आर्थिक ऐन पारित गरिएको हो । यसका अतिरिक्त

गाउँपालिकाले राजस्व परिचालन सम्बन्धी कुनै नीति तर्जुमा गरेको पाईदैन । गाउँ सभाद्वारा आ.व.२०७७/७८ को लागि आन्तरिक आय तर्फ जम्मा रु. ७,११,००,००० हुने अनुमान गरेको छ ।

आयका शिर्षगत दायरा तथा उक्त दायराका दररेटहरू राखी गाउँ सभा मार्फत् आर्थिक ऐन पारित गरिएको हो । गाउँ पालिकाको नीति तथा कार्यक्रम २०७७/७८ ले राजश्व संकलन तथा परिचालनको लागि देहाय वमोजिमको नीतिहरु अवलम्वन गरेको छः

- कृषिको आधिनकीकरण र कृषि उपजहरुको बजारीकरीकरणमा योगदान पुयाणउन कृषिजन्य उद्योगहरुलाई प्राथमिकता दिइनेछ ।
- बैतेश्वर गाउँपालिकालाई अलैचीको प्रवद्णधन गने उद्येश्यले व्लकको रुपमा विकास गरिनेछ।
- पर्यटन तथा संस्कृति विकासका लागी पिकनिक स्पोट, पार्क व्यवस्थापन, मठमन्दिरहरु, पुरातत्तिक वस्तुहरुको खोज तथा व्यवस्थापन सहयोग गरिनेछ । पर्यटक तथा धार्मिक व्यापार व्यवसाय गर्ने सम्पूर्ण संघ संस्थाहरुलाई दर्ता प्रक्रिया ल्याई गुणस्तरीय बस्तु तथा सेवा प्रवाहिा सहयोग पुयाणइनेछ ।
- पर्यटकीय स्थलहरुको पहिचान र भौतिक पूर्णधारको विकास गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरिनेछ । पुरातास्त्वक तथा पर्यटकीय स्थलका घरहरुमा होमस्टेको व्यवस्था गरिनेछ ।
- सहकारीमा सवै नागरिकहरुको पहुँच पुऱ्याई कृषिमा योगदान पुऱ्याउने सहकारीलाई प्रोत्साहत गरिनेछ । साथै वित्तीय क्षेत्रको विकासमा योगदान पुयाणउने नीति लिइनेछ ।
- मिल्दाजुल्दा प्रकृतिका सहकारीहरुलाई एकआपसमा गाभिइ गुणस्तरीय सेवा उपलब्ध गराउन प्रोत्साहन गररनेछ ।
- विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयमा जाने बातारण सिर्जना गरिनेछ । बालमैत्रि शिक्षामा जोड दिदै गुणस्तरीय शिक्षाका लागि अंग्रेजी माध्यमबाट शिक्षण गराउने व्यवस्था मिलाइनेछ । वैतेश्वर गाँउपालिकामा स्नातक तह उतिर्ण जनशक्तिलाई अनिवार्य ३ महिना सेवा गर्ने प्रावधान मिलाइने व्यवस्था गरिनेछ । विद्यार्थी उतिर्णको आधारमा शिक्षकलाई पुरस्कृत गरिनेछ । प्रत्येक शिक्षक तथा कर्मचारीहरुले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयकोमा कस्मिता ५ वर्ष पठन पाठनमा सरिक गराउनु पर्नेछ । यसको लागी अनुगमन कार्य कडाइ गरिनेछ ।

- बैतेश्वर गाउँपालिकाका सवै वडाहरुमा शिक्षाको पहुँचवृद्धी गर्न १/१ वटा +२ सम्म अध्यापन गर्ने विद्यालयको स्थापना गर्न जोड दिइनेछ । उपयुतत सथानमा प्राविधिक विषय पठन पाठन गर्ने शिक्षालय स्थापना गर्न पहल गरिनेछ ।
- ऐतिहसिक महत्व बोकेका हनुमन्तेश्वर, वैसाकेश्वर, वैतेश्वर, कैलेश्वर, डाङ्गडुङ्गेश्वर, लातमाङ्ग गुम्बा, पोखरी गुम्बा संरक्षण र बुद्ध मुर्ति बनाउनु पहल गरिनेछ।
- यस गाउँपलिका भित्रको सडकको पहुँच नपुगेका स्थानहरुमा सडक पुऱ्याइनेछ । हाल भई रहेका सडकहरुको स्तरोन्नती गरी कच्ची सडकहरुलाई ग्रावेल गरिनेछ । ग्रावेल सडकहरुलाई क्रमस कालोपत्रे गरिनेछ । आवश्यक स्थानहरुमा पुल पुलेसाहरु निर्माणमा जोड दिइनेछ ।
- कृषिको लागी उर्वरभूमि भएको स्थानहरुमा प्राथमिकिकरणको आधारमा सिंचाइको आवश्यक प्रवन्ध गरिनेछ । एक वडा एक कृषि सेवा क्षेत्र तथा पशुसेवा केन्द्रको लागि जोड दिइनेछ ।
- बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ कार्यान्वयनमा ल्याई गुणस्तरीय भवन निर्माण गर्ने व्यवस्था मिलाई सामुहिक वस्ती विकासलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपिलकामा औधौगीक तथा पर्यटकीय क्षेत्रमा लगानी गर्न चाहने व्यक्ति तथा फर्मलाइ आवश्यक सहयोग र प्रोत्साहन दिने नीती लिइने छ।
- भूमिहहन किसानहरुको लागि उपयुक्त स्थानमा जग्गाको व्यवस्था गरी बसोबासको व्यवस्था गरिनेछ ।
- जलविद्युत उत्पादन गर्ने कम्पनीहरुलाई सहजीकरण र प्रोत्साहन गरिनेछ । साना तथा लघु जलविद्युत आयोजनाको लागी अनुमति लिई हालसम्म कार्य सूचारु नगरेका कम्पनीलाई १ बर्ष भित्र कार्य सूचारु नगरेमा दर्ता खारेजीको सिफारिस गरिनेछ । वैकल्पीक उर्जाको उपयोगमा जोड दिइनेछ । प्रत्येक वडाको केन्द्र रहेको स्थानहरुमा नेपाल टेलीकमबाट टेलिफोन लाईन जडानको लागी जोड दिइनेछ । प्रत्येक वडामा इन्टरनेटको व्यवस्था गरी सामाजिक सुरक्षा भत्ता र पञ्जीकरण सम्वन्धी कार्य सूचारु गरिनेछ ।
- १८ बर्ष मुनीका आमाबुवा गुमाएका बालबालिकालाई शिक्षा, स्वास्थ्य सेवामा प्रोत्साहन गरिनेछ ।

- वन तथा भू—संरक्षणको लागी आवश्यक व्यवस्था गरिनेछ । जलाधार क्षेत्रहरुको संरक्षणमा जोड दिइनेछ । बातावरणलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्था गरिनेछ । जलवायु परिवर्तनलाई अनुकुलन हुने गरी कार्यक्रमहरु संचालन गरिनेछ ।
- बजार क्षेत्रहरुमा तत्काल र सवै वस्तीहरुमा क्रमस फोहोर मैला व्यवस्थापनको उचित व्यवस्था गरिनेछ । Sanitary land fill sites पहिचान गरी आवश्यक व्यवस्था गरिनेछ । जोखिममा रहेका वस्तीहरुलाई वैकल्पिक स्थानहरुका वस्ती व्यवस्थापन गर्न जोड दिइनेछ।
- आगामी आ. ब. भित्र बारुण यन्त्र संचालनको लागी आवश्यक व्यवस्था गरिनेछ ।
- दक्ष जनशक्ति आपूर्तिको लागी स्थानीय स्तरमा आवश्यक पने कार्य गर्न सक्ने जनशक्ति तयार गर्न तालिमहरुको उचचत व्यवस्था गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत शिक्षा विकास गरिनेछ । संस्थागत पूर्वाधार विकासमा जोड दिइनेछ । यस गाउँपालिका भित्रका सवै सार्वजनिक निकायहरुमा अनिवार्य रुपमा नागरिक वडापत्र राख्नु पर्ने व्यवस्था गरिनेछ । सेवालाई व्यवस्थित गर्न टोकन प्रणालीलाई लागू गरिनेछ । सेवालाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ । साथै सेवा प्रवाहमा विद्युतीय विद्युतीय माध्यमबाट हुने सूचना प्रविधको प्रयोगमा जोड दिइनेछ ।
- गाउँपालिकाको आर्थिक कारोबारलाई अन्तराष्ट्रिय लेखामापदण्ड अनुरुप लेखांकन पद्दतीमा राखिनेछ । राजस्व परिचालनको दायरालाई फराकिलो बनाई विस्तार गरिनेछ । वित्तीय अनुशासनलाई कडाइकासाथ पालना गरिनेछ । वित्तीय जोखिम न्यूनिकरणको लागी वित्तीय जोखिम न्यूनिकरण गर्ने संस्थाहरुको स्थापनामा जोड दिइनेछ । प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाइनेछ । समाजिक लेखा परीक्षण गने कार्यलाई प्राथमिकता दिइनेछ । विभिन्न र निर्देशिकाहरु र कार्यविधिहरुको तर्जु गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ । अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्यौटलाई तोकिएको सम्पन्न गर्ने नीती लिइनेछ । सूचना तथा संचारको प्रभावकारी व्यवस्थापन गर्न वेव साइटको निर्माण गरी कार्यालयमा हुने सवै क्रियाकलापहरुलाई सवैको जानकारीको लागी सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाइनेछ । सवै वडा कार्यालयहरुबाट हुने पञ्जीकरण सँग सम्वन्धित कार्यहरुलाई विद्युतीय माध्यमबाट गर्ने व्यवस्था मिलाइनेछ ।
- सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थापनको लागी स्थानीय एफ एम हरुसँग समन्वय गरी गाउँपलिका सूचनाहरुलाई प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

- ➢ उब्जाउ जग्गा बाझो राख्ने कायणलाई निरुत्साहित गरिनेछ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता

संगठन संरचनामा गाउँपालिकाले प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत रहने गरि राजस्व उपशाखा गठन गर्ने प्रावधान रहेतापनि यस गाउँपालिकामा राजश्व शाखा गठन गरिएको छैन । राजश्व उपशाखा गठन नभएकोले वडा कार्यालयहरूबाट वडा सचिव र गाउँपालिकामा ना.सु. तथा लेखापालमार्फत राजश्वको संकलन तथा अभिलेखीकरण गरिंदै आएको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्व संकलनको अवस्था देहायअनुसार रहेको छ

- राजस्व उपशाखा (ना.सु. १ र खरिदार २ गरी जम्मा ३ जना कर्मचारीको दरबन्दी सहीत) को संरचना स्वीकृत गरिएता पनि आर्थिक प्रशासन शाखा अन्तर्गत् राजस्व संकलन ईकाईको रुपमा रहेको छ ।
- राजस्व प्रशासनको लागि कम्प्युटर तथा सफ्टवेयरको प्रयोग हाल सम्म नभएको र हाते रसिद नै प्रयोग मा ल्याईएको छ ।
- वडा सचिव मार्फत वडामानै राजस्व संकलन गर्ने कार्यले सेवाग्राहीलाई सुविधा प्रदान गरेको ।
- राजस्व संकलनका लागि ना.सु. १ जना, लेखापाल तथा वडा सचिवलाई जिम्मेवारी दिइएको ।
- वडाहरूबाट मालमोत, विविध शुल्क तथा दस्तुर संकलन हुँदै आएको र घ वर्गको इजाजत पत्र लगायत अन्य शुल्कहरू, टेण्डर बिक्री तथा परिक्षा शुल्क जस्ता राजश्व गाउँपालिका कार्यालयबाट संकलन हुने गरेको ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारीताका लागि अनुगमन तथा मूल्यांकन नभएको । मासिक रुपमा वडा कार्यालयहरू प्राप्त विवरणहरू समेत समावेश गरि शिर्षकगत रुपमा संकलित रकमको विवरण सहित बैंक भौचरहरू लेखा शाखामा बुझाईने गरेको । राजस्व संकलनको स्पष्ट कार्यविधि नभएकाले राजस्व संकलन गर्दा शिर्षकहरू चयनमा अस्पष्टता रहेकोले एउटै किसिमको आम्दानी पनि समय अनुसार फरक फरक शिर्षकमा प्रविष्टी हुने गरेको ।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

गाउँपालिकाको विगत बर्षको आय परिचालनको अवस्था तलको तालिकामा दिईएको छ । गाउँपालिकाले गत आर्थिक वर्षमा मालपोत, घटना दर्ता, विविध प्रकारका सिफारिसबाट राजश्व संकलन गरेको थियो । गत आ.व.को यथार्थ संकलन र चालु आ.व.को प्रस्तावित आयको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ८: गाउँपालिकाको आय संकलनको अवस्था (रु. हजारमा)

| सि. न. | आय शिर्षक | आय | आय | प्रस्तावित |
|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| **१** | **आन्तरिक राजश्व** | | | |
| **१.१** | **स्थानीय कर** | | | |
| | मालपोत संकलन | ३३९ | ६३९ | २०० |
| | घरबहाल | २५४ | २५४ | २०० |
| | व्यवसाय | ४०८ | १८५ | ५०० |
| | कृषि तथा पशुजन्य वस्तुको | ३०९ | ० | ० |
| | अन्य | १२४ | ८८० | |
| **२** | **गैर कर राजश्व** | | | |
| | सिफारिश दस्तुर | १२५ | १०० | १३०० |
| | नक्सापास | | २०० | २०० |
| | व्यक्तिगत घटना दर्ता | | १०० | १०० |
| | बिक्रिबाट प्राप्त रकम | ८२६ | १०० | ५०० |
| | धरौटी | | १३२ | |
| | अन्य | ३७८६ | १३४८ | ५०० |
| **३** | **राजश्व बाँडफाँड** | | | |
| ३.१ | संघिय राजश्व बाँडफाँड | ६२८०० | ३३७२७ | ३२०७५ |
| ३.२ | प्रदेश राजश्व बाँडफाँड | ० | १५२६० | १६५६८ |
| **४** | **अनुदान** | | | |
| **४.१** | **नेपाल सरकारबाट प्राप्त अनुदान** | | | |

| | | | | |
|---|---|---|---|---|
| ४.१.१ | शर्शत अनुदान | १५८७३० | १६४०८४ | १९५८०० |
| ४.१.२ | वित्तिय समानीकरण अनुदान | १२०६०० | १२११०० | ९६९०० |
| ४.१.३ | सपपुरक अनुदान | ० | १२८०० | |
| ४.१.४ | विशेष अनुदान | ० | ७००० | १६६०० |
| **४.२** | **प्रदेश सरकारबाट** | | | |
| ४.२.१ | शर्शत अनुदान | ११७८२ | २४५१२ | २०८९५ |
| ४.२.२ | वित्तिय समानीकरण अनुदान | ९९५७ | ९९७३ | १०८४९ |
| ४.२.२ | सपपुरक अनुदान | ४०२४९ | २९८४७ | २४६९५ |
| ४.२.२ | अन्य अनुदान | १२९६४ | ५००० | ० |
| ४.२.२ | विशेष अनुदान | ६४७३ | ० | ६००० |
| | कुल जम्मा | ८५६०४५ | ८५३१६९ | ३०५६५२ |

गाउँ पालिकाको आन्तरिक आयको संरचना हेर्दा प्रमुख तीन श्रोतहरूमा क्रमशः सम्पत्ति कर, सिफारिश तथा वक्सौनी दस्तुर र विटौरी कर (हाट बजार कर) रहेको छ । तलको तालिकामा गाउँ पालिकाको आन्तरिक आयको स्रोत अनुसारको संरचना तथा तिनको कुल आन्तरिक आयमा योगदान देखाइएको छ, जसअनुसार गाउँ पालिकाको कुल आन्तरिक आयमा सबैभन्दा बढी स्थानीय करको योगदान ५० प्रतिशत भन्दा बढी रहेको छ भने दोस्रो तथा तेस्रोमा क्रमशः दस्तुर तथा अन्य विविध आयको योगदान रहेको छ ।

## ४.४ राजश्व परिचालनमा रहेका सवालहरू

गाउँपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई सम्बोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छ ।

### क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरू वृध्दि गर्न गाउँपालिकामा राजश्व

इकाईको गठन गरी कर्मचारीको क्षमता अभिवृध्दि गर्नु पहिलो कार्यको रुपमा देखिन्छ । गाउँपालिकाको नयाँ क्षेत्र तथा परिवर्तित राजस्व अधिकारको आधारमा गाउँपालिकाले भौतिक

सुविधा, उपयुक्त मानव संशाधन व्यवस्था, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ । त्यसका अतिरिक्त वडाहरूबाट समेत तोकिएका शिर्षकहरूमा आय संकलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ ।

**ख. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मूख्य आय शिर्षकहरूबाट आय संकलन गर्न स्पष्ट कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषयवस्तु पर्दछन् ।

**ग. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार**

गाउँपालिकाले हालको कानूनी व्यवस्था अनुसार राजस्व संकलनकालागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रसार गर्नु पर्दछ ।

**घ. तथ्याङ्कमा आधारित अभिलेख**

आन्तरिक आयको अधिकतम परिचालनकालागि यसका आधारहरूको अभिलेख अध्यावधिक हुनु जरुरी छ । गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेख विना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

**ङ. समन्वय संयन्त्र**

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसंग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिलाई सक्रिय बनाउनु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा समिति र राजस्व शाखाको बीचमा निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व

बाँडफाँड सम्वन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसंग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

**च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता**

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाईएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निरन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद — पाँच : राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिईएको छ ।

## ५.१ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना

गाउँपालिकाको राजश्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरु निम्न वमोजिम रहेका छन्ः

### ५.१.१ प्रभावकारी राजश्व संकलनका रणनीति तथा कार्यनीति

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला संचालन गरिएको थियो । गाउँपालिकाको आयोजना र परामर्श दातृ निकायको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा कार्यपालिकाका सदस्यहरू, गाउँपालिकाका कर्मचारीहरू तथा वडाका सचिवहरू लगायतका व्यक्तिहरूको सहभागीता रहेको थियो । कार्यशालामा सहभागीहरू तीन वटा समुहमा बसी समूह अभ्यास गरी राजस्व सुधारको मस्यौदा कार्ययोजना तयार तथा प्रस्तुत गरिएको थियो । परामर्शदाताद्‌वारा संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न तिन क्षेत्रमा विभाजन गरिएको छः

क. राजस्व प्रशासनमा सुधार

ख. कर राजस्व सुधार योजना

ग. गैरकर राजस्व सुधार योजना

तालिका ९: राजश्व सुधार सम्बन्धी रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| राजश्व सम्बन्धी कानुनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने । | गाउँपालिकामा राजश्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउदै लगिनेछ ।<br>कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउदै गाउँ पालिका तथा निजीक्षेत्रबाट थप लगानी गर्न प्रोत्साहित गरिनेछ।<br>कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गर्ने पद्धतिको संस्थागत विकास गरिनेछ ।<br>जनताको कर तिर्ने तथा करको भार बहन क्षमता विश्लेषणका आधारमा कर नीतिलाई विवेकसम्मत र प्रगतिशील बनाइने छ ।<br>थप राजशवका स्रोतको सम्भाव्यता अध्ययन गरी सम्भाव्य थप स्रोत पहिचानका साथै बर्तमान राजश्व स्रोतको दायरा बृद्धि गर्न यसको यकिन तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको संख्या बढाउदै लगिनेछ ।<br>राजश्वको स्रोत बृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>सम्पत्ति मूल्यांकन सम्वन्धी सिफारिसलाई निश्चित आधार र मापदण्डमा आवद्ध गरी एक रुपता कायम गरिने छ ।<br>आन्तरिक राजश्वका विभिन्न स्रोतहरुबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरुको यकिन तथ्याङ्क, सूचना संकलन गर्न कार्यदलहरु बनाई वडागत रुपमा परिचालन गरिनेछ ।<br>करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | गाउँ पालिकामा पर्यटन प्रवर्द्वन गर्न पूर्वाधारहरुको विकास गरिनेछ साथै पर्यटन विकासमा यस गाउँ पालिकामा रहेका धार्मिक/साँस्कृति धरोहर तथा प्राकृतिक संपदाको संरक्षण तथा विकास गर्न निजी क्षेत्रसँग साझेदारीको समेत पहल गरिनेछ ।<br>पूर्वाधार उपयोग दस्तुर, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न दर निर्धारण गर्दा छिमेकी स्थानीयहरु, निजी क्षेत्र र करदातासँग समेत छलफल तथा सहकार्य गरिनेछ ।<br>नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान र पुरस्कत गरिनेछ ।<br>समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ । |
| राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने । | गाउँ पालिकाको समग्र राजश्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वयन गर्न राजश्व शाखाको सुदृढीकरण गरी क्षमताबृद्धि गरिनेछ ।<br>गाउँ पालिकाको राजश्व शाखामा स्वीकृत संगठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिनेछ ।<br>स्थानीय राजश्व परामर्श समिति तथा राजश्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ र वडास्तरमा कर असूली गर्ने व्यवस्था मिलाईने छ ।<br>राजश्व शाखाका लागि आवश्यक उपकरण, सफ्टवेयर आदिको प्रबन्ध मिलाई क्रमसः वडा कार्यालयहरुसँग सूचना संजालमा जोड्दै लगिने छ ।<br>स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा संचालन गरिनेछ ।<br>प्रादेशिक तथा जिल्लाका अन्य स्थानीय तहसँग राजश्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान र अन्तरक्रिया गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | राजश्व लेखापालनलाई कम्प्यूटरकृत गरिनेछ र विद्युतीय माध्यमबाट नै राजश्वको प्रतिवेदन र फाँटबारी बनाइने छ । राजशव सम्वन्धी आन्तरिक नियन्त्रणको व्यवस्थाको लागि राजस्व रसिद नियन्त्रण खाता राखिने छ र प्रत्येक वडाबाट मासिक रुपमा स्रोत खुल्नेगरी राजस्वको प्रतिवेदन लिने प्रणाली अवलम्बन गरिने छ । |
| राजश्व कर प्रणालीलाई सरल, सहज करदाता मैत्री, पारदर्शी र समावेशी बनाउने | कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ । कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुऱ्याइनेछ । कर/राजश्व सूचना सम्बन्धी प्रतिवेदनहरु अर्धवार्षिक एवं वार्षिक रुपमा गाउँ पालिकाको वेभसाईटमा राखिने छ । साथै यस्तो सूचनाहरु गाउँ पालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइने छ । करदाता शिक्षा र कर सम्वन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ । महिला, अपाँगता भएका व्यक्ति तथा गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरुलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ । कर संकलन प्रक्रियालाई सहज बनाउन बैंक तथा विद्युतीय माध्यमबाट कर भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ । |
| समन्वय र सहकार्यलाई प्रोत्साहन गर्ने | पर्यटन शुल्क तथा ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक स्रोतको उत्खनन्, विक्री तथा बजार व्यवस्थाका सम्बन्धमा छिमेकका अन्य पालिकाहरुसँग समेत समन्वय तथा सहकार्य गरिनेछ । बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिनेछ । कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | राजश्वसंग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँग नियमित अन्तरक्रिया गरिनेछ । यसैगरी अन्य छिमेकी स्थानीय तहरुसंग समन्वय वैठक आयोजना गरी राजश्व संकलनका सवालहरुबारे छलफल तथा समन्वय गरिनेछ ।<br>राजश्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |

### ५.१.२ राजश्व सुधार कार्ययोजना

#### क. राजस्व प्रशासनमा सुधार

गाउँपालिकाको सूचना तथा तथ्यांक अध्ययन र गाउँपालिकासँगको सम्पर्कका आधारमा तयार गरिएको बैतेशवर गाउँपालिकाको राजश्व सुधार कार्ययोजना यसप्रकार रहेको छः

तालिका १०: राजश्व प्रशासन सुधार योजना

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | कानुनी तथा नीतिगत व्यवस्था | | |
| १.१ | राजश्व परामर्श समितिको मासिक वैठक गरी भूमिकालाई प्रभावकारी बनाउने | २०७८ श्रावण देखी | राजश्व परामर्श समिति |
| १.२ | आर्थिक ऐन परिमार्जन गरि लागू गर्ने<br>हालको राजश्व अधिकारका संभाव्य शिर्षकहरु अनुसार शिर्षक हेरफेर गर्ने बिषेश गरी करको दर र दायरा समयाअनुकुल बनाउने<br>सबै करहरुमा छुट तथा जरीवानाको व्यवस्था गर्ने<br>राजश्व संकलन प्रकृया प्रष्ट गर्ने | २०७९ असार मसान्त सम्म | राजश्व परामर्श समिति, गाउँ सभा |

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | व्यवहारमा नदेखिएका, लागू हुन नसक्ने तथा संघीय कानुनसंग बाँझिने प्रावधानहरु हटाउने<br>राजश्व असुलीको व्यवस्थासंगै दण्ड, जरिवाना तथा पुरस्कारको व्यवस्था गर्ने | | |
| १.३ | राजश्व सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गरी लागू गर्ने | २०७९ असर मसान्त सम्म | गाउँ कार्यपालिका |
| २ | संकलन प्रकृयामा सुधार | | |
| २.१ | करका बिषयमा जानकारी गराउनका लागि वडाहरुमा करदाता शिक्षा कार्यक्रम संचालन गर्ने | चौमासिक रुपमा | राजश्व शाखा तथा प्रमुख प्रशासकिय अधिकृत |
| २.२ | सबै करहरुको तथ्याङ्क संकलन गरी कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने | २०७९ असार मसान्त सम्म | राजश्व शाखा तथा वडा कार्यालयहरु |
| २.३ | धेरै कर तिर्ने करदाताहरुलाई सम्मान र पुरस्कृत गर्ने | बार्षिक रुपमा | गाउँ सभा |
| २.४ | मुख्य करहरु एकैपटक असुल गर्नेगरी एकद्वार कर संकलन प्रणालिको शुरुवात गर्ने | आगामी आर्थिक बर्ष २०७८/७९ | राजश्व शाखा, प्रप्रअ तथा गाउँ कार्यपालिका |
| २.५ | वित्तिय संस्थासंग समन्वय गरी बैंकिङ प्रणालीबाटै कर संकलन गर्ने व्यवस्था गर्ने | आगामी आर्थिक बर्ष २०७८/७९ | राजश्व शाखा, प्रप्रअ तथा गाउँ कार्यपालिका |
| ३ | संस्थागत व्यवस्था तथा अन्य | | |
| ३.१ | राजश्व शाखामा छठौ गाउँ सभाबाट स्विकृत दरबन्दीमा कर्मचारी नियुक्त गर्ने | २०७८ माघ मसान्त सम्म | गाउँ कार्यपालिका तथा प्रमुख प्रशासकिय अधिकृत |

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| ३.२ | वडा कार्यालयहरुमा समेत राजश्व प्रशासनका लागि कर्मचारीहरुलाई जिम्मेवारी किटान गरी नियमित अनुगमन गर्ने | २०७८ माघ मसान्त सम्म | गाउँ कार्यपालिका तथा प्रमुख प्रशासकिय अधिकृत |
| ३.३ | जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि राजश्व सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | बर्षमा १ पटक | प्रमुख प्रशासकिय अधिकृत तथा राजश्व शाखा |
| ३.४ | राजश्व संकलन अवस्थाको आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आम्दानी खर्चको विवरण सार्वजनिक गर्ने | चौमासिक रुपमा | राजश्व परामर्श समिति तथा प्रमुख प्रशासकिय अधिकृत |
| ३.५ | गाउँ पालिकाको स्वामित्त तथा हक भोगमा रहेका जग्गा तथा भवनहरुको विवरण संकलन गरी प्रमाण सहित व्यवस्थित रुपमा अभिलेख राख्ने तथा सिमाना छुट्याउने | २०७९ असार मसान्त सम्म | प्राविधिक शाखा, प्रप्रअ |
| ३.६ | आन्तरिक लेखा परीक्षण, सामाजिक लेखापरीक्षण र लेखा परिक्षणका प्रतिवेदनहरु, बार्षिक आय व्ययमा विवरणहरु गाउँ पालिकाको वेभसाईट मार्फत सार्वजनिक गर्ने | २०७८ मंसिर सम्ममा | प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा, आर्थिक प्रशासन शाखा |
| ३.७ | आर्थिक प्रशासन शाखा अन्तर्गत राजश्व उपशाखालाई स्रोत साधन सम्पन्न बनाउने | २०७९ असार सम्म | गाउँ कार्यपालिका |
| ३.८ | व्यवसाय रजिष्ट्रेशन कार्यविधि तर्जुमा गर्ने | २०७९ असोज सम्म | गाउँ कार्यपालिका |

**ख. कर राजस्व सुधार योजना**

तालिका ११ : कर राजस्व सुधार योजना

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **एकिकृत सम्पति कर** | | |
| १.१ | एकिकृत सम्पति कर व्यवस्था कार्यविधि तर्जुमा गरी पारित गर्ने | २०७८ फागुन सम्म | राजश्व परामर्श समिति र गाउँ कार्यपालिका |
| १.२ | सम्पत्ति करलाई थप स्पष्ट गर्न संघीय कानुनको भावना अनुसार स्थानीय आर्थिक ऐन परिमार्जन गर्ने | २०७९ असार मसान्त सम्म | राजश्व परामर्श समिति र गाउँ सभा |
| १.३ | गाउँ वासीको सम्पति सम्बन्धि तथ्याङ्क संकलन तथा कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने । | बार्षिक रुपमा निरन्तर | राजश्व शाखा, प्रप्रअ |
| १.४ | मालपोतको न्यूनतम मूल्याङ्कनसंग सामजस्यता हुने गरी एकिकृत सम्पतिको मूल्याङ्कन र पुनरावलोकन गरी यथार्थपरक वनाई करदाताको तिर्न सक्ने क्षमतालाई मध्यगाउँ गर्दै करको दर पुनरावलोकन गर्ने | २०७९ असार मसान्त सम्म | राजश्व परामर्श समिति र गाउँ कार्यपालिका |
| १.५ | एकिकृत सम्पतिको विवरणलाई घर वहाल करसंग आवद्व गरी एकैपटक कर निर्धारण र असुल गर्ने व्यवस्था गर्ने | आर्थिक बर्ष २०७८/७९ देखि | राजश्व शाखा |
| १.६ | सम्पति कर प्रशासनमा GIS Mapping Tools लाई समेतमा प्रयोगमा ल्याउने | २०७९ असार मसान्त सम्म | प्राविधिक शाखा, प्रप्रअ |
| **२** | **व्यवसाय कर** | | |
| २.१ | व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धि प्रणालीलाई व्यवस्थित गर्न व्यवसाय कर व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने | २०७९ असार मसान्त सम्म | राजश्व परामर्श समिति र प्रप्रअ |

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| २.२ | व्यवसायीका प्रतिनिधिहरूसंग समन्वय गरि व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा व्यवसायको वर्गीकरण गर्ने । | २०७९ जेष्ठ मसान्त सम्म | राजश्व परामर्श समिति र प्रप्रअ |
| २.३ | व्यवसाय करको दरलाई वर्गिकरणको आधारमा पुनरावलोकन गरि आर्थिक ऐनमा समावेश गर्ने । | २०७९ असार मसान्त सम्म | राजश्व परामर्श समिति र गाउँ सभा |
| २.४ | गाउँ क्षेत्रमा व्यवसाय संचालनको लागि गाउँ पालिकाको इजाजत लिनुपर्ने ब्यवस्था अनिवार्य गरि व्यापक प्रचार प्रसार गर्ने । | २०७९ श्रावण देखि | राजस्व शाखा, वडा कार्यालय र प्रप्रअ |
| २.५ | उद्योग वाणिज्य संघ, आन्तरिक राजस्व कार्यालय, घरेलु कार्यालय तथा अन्य मुख्य सरोकारवालासँग गाउँ पालिकाले समन्वय र नियमित अन्तरक्रिया गर्ने । | २०७८ मंसिर देखि निरन्तर | गाउँ कार्यपालिका |
| २.६ | व्यवसायको तथ्यांक/लगत, व्यवसाय करको दर तथा संकलनको अवस्था सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने । | चौमासिक रुपमा | राजस्व परामर्श समिति र गाउँ कार्यपालिका |
| २.७ | व्यवासाय दर्ता तथा कर संकलनका लागि आवधिक रुपमा घुम्ति शिविर संचालन गर्ने | २०७८ श्रावण देखि त्रैमासिक रुपमा | आर्थिक प्रशासन शाखा र वडा कार्यालयहरु |
